ग्रामीण पत्रकारिताको प्रयास

जनता टाइम्स

साप्ताहिक

JANATA TIMES WEEKLY



चौदण्डीगढीमा भ्यूटावर निर्माण

❑ वर्ष-११ ❑ अङ्क-२३, २०७६ कात्तिक ९ गते, शनिबार (oct.26, 2019 Saturday) www.janatimes.com मुल्य रु. ५/- पृष्ठ संख्या: ६

शुक्रबार बेलुकादेखि तिहारको रमझम शुरु



फत्तेपुर / कात्तिक कृष्ण त्रयोदशीदेखि शुरु हुने नेपालीको दोस्रो ठूलो चाड यमपञ्चक अर्थात तिहार आजदेखि शुरु हुँदै छ । शुक्रबार बेलुकी यमदीपदान शुरु गर्नुपर्ने नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ । यस वर्ष यमदीपदान शुक्रबारदेखि शुरु हुने भए पनि काग तिहार कात्तिक ९ गते शनिबार परेको समितिका अध्यक्ष प्रा डा रामचन्द्र गौतमले जानकारी दिए ।

यसैगरी धनवन्तरी जयन्ती र धनतेरस पर्व पनि शनिबार नै परेको छ । तिथिको घटबढका कारण यस्तो भएको उनले बताए । यमदीपदान परिवारका सदस्य सङ्ख्याका आधारमा गरिन्छ । यमदीपदान गर्दा दक्षिण फर्काएर गर्नुपर्ने उहाँले बताए । कात्तिक १० गते आइतबार बिहान नरक स्नानसहित कुकुर तिहार र बेलुकी लक्ष्मीपूजा गर्नुपर्छ । बिहान ११ बजेसम्म कार्तिक कृष्ण चतुर्दशी र त्यसपछि औँशी तिथि लाग्ने भएकाले शास्त्रसम्मतरुपमा पर्वसम्बन्धी निर्णय गरिएको समितिका सदस्य सचिव सूर्यप्रसाद ढुङ्गेलले बताए ।

गाई, गोरु र आत्म ९म्ह० पूजा कात्तिक ११ गते सोमबार गर्नुपर्ने शास्त्रीय वचन रहेको छ । एघार गते बिहान ९:४३ बजेसम्म औँशी तिथि छ । त्यसपछि कार्तिक शुक्ल प्रतिपदा प्रारम्भ हुने भएकाले आत्म (म्ह) पूजा यसै दिन गर्नुपर्नेहुन्छ । कात्तिक १२ गते मङ्गलबार तिहारको मुख्य दिन भाइटीका पर्व मनाइन्छ । बिहान ११:५५ बजे भाइटीकाको साइत उत्तम रहेको अध्यक्ष गौतमले बताए । कात्तिक १२ गते मङ्गलबार दिनभर टीका लगाउन बाधा नपरे पनि साइत खोज्नेका लागि अभिजित मुहूर्तको शुभ साइत दिइएको समितिले जनाएको छ । राज्य सञ्चालकले भने साइतमै टीका लगाउनुपर्छ । सर्वसाधारणका लागि दिनभर टीका लगाउन कुनै समस्या छैन । कात्तिक १२ गते भाइटीकाकै दिन यस वर्ष नेपाल संवत्अनुसार नयाँ वर्ष मनाउनुपर्ने पनि समितिले जनाएको छ ।

बाँकी अन्तिम पृष्ठमा

नेपाली काङ्ग्रेसको चियापान

फत्तेपुर / बिजया दशमी, शुभ दिपावली तथा छठ पर्वको अवसरमा नेपाली काङ्ग्रेस सप्तकोसी नगरकमिटीले शुक्रबार फत्तेपुरमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरेको छ ।

भखैरै सकिएको बडा दशै आउदै गरेको शुभ दिपावली, छैठ,इद, नेपाल सम्वतको अवसर पारेर नेपाली काङ्ग्रेस सप्तकोसी नगर कमिटीले आयोजना गरेको शुभकामना आदन प्रदान कार्यक्रम मा वडा न १ का वडा अध्यक्ष

बाँकी अन्तिम पृष्ठमा



हार्दिक मंगलमय

तिहार तथा छैठ,नेपाल सम्बत-२०७६को पुनित अवसमा सुख् शान्ति, सम्वृद्धि र उत्तरोउत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. अमर बिक

एबम अमर ज्वयलर्स सप्तकोसी -१

फत्तेपुर, पारुहाङ चौक सप्तरी

चाढ पर्वमा फजुल खर्च नगरौं । आफ्नो गच्छे अनुसार खर्च गरौं । मितव्ययी बनौं ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

शुक्रबार..

प्रतिपदाका दिन सूर्योदय भएकै दिन नयाँ वर्ष मनाउनुपर्ने शास्त्रीय वचनअनुसार यस्तो निर्णय गरिएको उनले बताए। यसै दिनदेखि नेपाल संवत ११४० शुरु हुन्छ। भाइपूजा र नेवारी भाषामा किजापूजा पनि कात्तिक १२ गते नै गरिन्छ। कात्तिक १३ गते बिहान ६:१८ बजेसम्म मात्र द्वितीया तिथि रहेकाले कात्तिक १२ गते नै भाइटीका मनाउन शास्त्रसम्मत हुने समितिको ठहर छ। झिलीमिलीको चाड पनि भनिने तिहारका अवसरमा एक हप्ताअघिदेखि नै राजधानीलगायत प्रमुख शहरमा बत्ती बाल्न शुरु भइसकेको छ। बत्तीको उज्यालोले शहरमा घुम्दासमेत मन आनन्दित हुन्छ।

नेपाली...

नारायण प्रसाद आचर्य, सप्तकोसी उद्योग वाणिज्य संघका अध्यक्ष शुदास राई ,युवा तथा खेलाडी अजय श्रेष्ठ, नेपाली काङ्रेसका क्षेत्रीय सचिव कृष्ण ढकाललगायतले शुभकामना व्यक्त गरेका थिए। नेपाली काङ्रेसका सप्तकोसी नगर सभापति रमेश कार्कीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्थानीय समाजसेवी तथा जेष्ठ नागरिक दानबहादुर थापाको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा विभिन्न संघ संस्था का प्रतिनिधि राजनीतिक दल का प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज,LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ र मौकाको फाईदा उठाउनु होला र



IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै

प्रो.केदार श्रेष्ठ

माता मनकामना इन्टरप्राइजेज सप्तकोसी -१, फत्तेपुर

०३१-५५०१०६, ९८०७७७३८९१, ९८५१८२९१२९१

हार्दिक मंगलमय शुभकामना

तिहार तथा छैठ,नेपाल सम्बत-२०७६को पुनित अवसमा सुख् शान्ति, सम्वृद्धि र उत्तरोउत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रिन्सिपल शिव प्रसाद आचार्य

एवं नमुना सनसाइन इ. बो. स्कुल सप्तकोसी नपा ४ सप्तरी परिवार

हार्दिक मंगलमय शुभकामना

तिहार तथा छैठ,नेपाल सम्बत-२०७६को पुनित अवसमा सुख् शान्ति, सम्वृद्धि र उत्तरोउत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो सोनामकुमारी सोनि

एवं सोनी अटो मोबाइल्स बजाज सोरुम सप्तकोसी नपा-१ फत्तेपुर

सम्पूर्ण कपडाको लागी सदैव सम्झनुस्

हाम्रा सेवाहरु:

यहाँ विभिन्न ब्रान्डका स्वदेशी बिदेशी रेडिमेट कपडा, थान कपडा, बिहे बर्तबन्ध लगायत का लागी दैरा सुरुवाल कोट पेन्ट, कुर्ता सुरुवाल, लेडगा, ट्प्स लेडिज गाउनलगायतका सामान हरु सुफत मुल्यमा उपलब्ध गराइन्छ।

जेके स्टोर सप्तकोसी १ फत्तेपुर

नयाँ बजार छिर्ने मोड, सम्पर्क ९८१९९२८३६३



दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरु:

यहाँ हरेक किसिमका बिरामीहरुको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

विशेषज्ञ डाक्टर

डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग

डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग

डा. बरुण देव, नाक-कान तथा घाँटी रोग बिशेषज्ञ



जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा-१,पारुहाङ्गचौक,फत्तेपुर, फोन नं ०३१-५५००५०

२४सै घण्टा तपाईहरुको सेवामा

हाम्रा सेवाहरु:

छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

डा. सुबोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ

डा.अनिता बर्मा, जनरल फिजिसियन

डा. बद्रीप्रसाद भट्टराई

डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) -प्रत्येक महिनाको ४ गते

डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६ गते

स्पोर्ट सेवाहरु:

इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा । साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार गरिन्छ ।

एम्बुलेन्स सम्पर्कः ९८५२८५५११२



नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन)जनरल बिमारीको जाच गरिन्छ र २४ सै घण्टा सेवा उपलब्ध रहेको छ ।

माता मनकामना पोलिक्लिनिक



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२ र ९८५२८५५११२

प्रमुख सल्लाहकार: डा.महेन्द्र विष्ट, सल्लाहकार: प्रकास खतिवडा, सम्पादक/ प्रकाशक देवेन्द्र कार्की(९८४२१२५२७८), प्रधान सम्पादक विश्वराम कार्की, प्रवन्ध सम्पादक खगेन्द्र कार्की (९८४२०९२१०७), समाचार सम्पादक शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, काठमाण्डौ प्रतिनिधि: मिलन केसी, सुनसरी प्रतिनिधि: कृष्ण कार्की, बेलटार शाखा प्रमुख: शंकर ठोशी, रामपुर प्रतिनिधि: सरद कोईराला, कञ्चनपुर प्रतिनिधि: राजकुमार पासवान कार्यालय रहेगाना: सप्तकोशी नगरपालिका फत्तेपुर-१,
सप्तरी, ९८०४५३२०२, घरान सम्पर्क: ९८०३८९५१२१ Email:,publicnews8@gmail .com, Web site: www .janatimes .com, मुद्रण: शिवनान अफसेट प्रेस, सप्तकोशी नपा -१, सप्तरी, ०३१-५५०२११

जनता टाइम्स
JANATA TIMES WEEKLY

सम्पादकीय.....

तिहारको मौलिका हराउन नदिऔं

दशैं सकिए लगत्तै तिहार शुरु भएको छ । बास्तवमा भन्ने हो भने सद्भाव, स्नेह र समृद्धिको पर्वको रुपमा तिहार लाई मनाउदै आइएको छ । यस पर्वले समाजिक संस्कृति र सद्भाव उजागार गरेको छ । पाँच दिनसम्म मनाइने तिहारमा काग, कुकुर, गाई, गोरु र भाइको पूजा गरिदै आएको छ । नेवार समुदायमा म्ह(आत्म)पूजा गरिन्छ ।

नेपालीहरुको दोश्रो ठूलो चाढ तिहार का सांस्कृतिक पक्षलाई हामीले जोगाएर राख्नु हाम्रो कतब्य हो । तिहारमा देउसे र भैलो खेल्ने चलन छ । तर पछिल्लो समयमा पुराना संस्कृति विस्थापित हुदै देउसे र भैलोको नाममा छाडा संस्कृति मौलाएको छ । मौलिक देउसी रे हर ाएर छाडा संस्कृतिम ौलाउनु विडम्बना हो ।

हाम्रो संस्कृतिलाई बचाई राख्न यस्ता मौलिक परम्परागत देउसी भैली कार्यक्रमलाई निरन्तरता दिनु पर्दछ । मौलिक देउसे र भैलोलाई प्राथमिकतामा राख्नु पर्दछ । तपाई हामीले देउसी खेल्न आउनेहरुलाई मौलिक देउसी र भैलो खेल्नेलाई मात्र प्राथमिकता हुने भन्न सक्नु पर्दछ । नयाँ पुस्ताले मौलिक देउसी र भैलो विर्सने अवस्था आउन नदिन हामी जिम्मेवार हुनु पर्दछ । अन्त्यमा तिहारको अवसरमा सबैलाई हार्दिक शुभकामना ।

☎ जरुरी टेलिफोन ☎

सप्तरी

जिल्ला प्रसासन कार्यालय, सप्तरी	०३१-५२०६२४
क्षेत्रीय प्रहरी कार्यालय,	५२००४५,
जिल्ला प्रहरी कार्यालय,	५२००५५
प्रहरी चौकी, फत्तेपुर,	५५०१००
सशस्त्र प्रहरी बल वैस क्याम्प फत्तेपुर,	९७४३०२३०२१
नेपाल रेडक्रस सोसाईटी,	५२०२५८
जिल्ला जनस्वास्थ्य कार्यालय,	५२१६०६
प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर,	५६०००५
उपस्वास्थ्य चौकी, सप्तकोशी नपा,	५५०१६९
एम्बुलेन्स सेवा, सप्तकोशी नपा	५५०१६९
सप्तकोशी नगरपालिका, फत्तेपुर,	५५००१९
ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर,	५५०११२
टेलिकम शाखा फत्तेपुर,	५५००६६

सैद्धान्तिक विचलनको मारमा मधेशी दल

उपेन्द्र झा

दुई तिहाईवाला नेकपाको शक्तिशाली सरकारको राजनीतिक धरातलमा असन्तुष्टता र आक्रोशको अग्नि प्रज्ज्वलित हुन थालेको छ । दावानल जस्तै यो आगोले राजनीतिक सतहमा देखिएका धेरै कुराहरू जलेर भष्म हुने सम्भावना बढिरहेको छ । सरकारलाई पनि यसको आभाष भइरहेको छ । सरकार विरोधी आन्दोलनको सूत्रपात हुन लागेको अवस्थामा नेकपाका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले केही तत्वहरू सरकारको विरोधमा लागेको भन्ने आशयका अभिव्यक्ति दिएर शंका व्यक्त गरेका छन् ।

सडकमा देखिएका गुठी विधेयक विरोधी आन्दोलन तथा रवि लामिछानेको समर्थकहरूको आन्दोलनमा देखिएका जनआक्रोश विद्यमान सरकारको अकर्मण्यताको खिल्ली उडाउन प्रतिनिधि घटनाहरू हुन् । थरूहट थारूवान संघर्ष समितिले मंसिर १ गते सिंहदरबार घेर्ने आन्दोलनको घोषणा गरेको छ ।

सरकारले असन्तुष्ट पक्षलाई यथास्थितिमा राखेर घोषणा गरेको संविधान अमान्य साबित हुन लागेको बुद्धिजीबीहरूको विश्लेषणले देखाउँछ । यही असोज ३ गते संविधान दिवसलाई बहुमत जनताले "कालो दिवस'को रूपमा मनायो । यसरी संविधानको स्वामित्व लिने शासकवर्ग बाहेक जनशक्ति घटिरहेको अवस्थामा शक्तिशाली सरकारको औचित्यमाथि प्रश्न उठ्न थालेको छ ।

मधेशी, जनजाति, थारू, महिला, मुस्लिमहरूको आवाजलाई दबाएर शासन गर्ने यो सरकारको विरूद्ध राजनीतिक वातावरण बिग्रिन लागेको छ । आन्दोलनकारी पक्षमा एकता हुँदै जनआन्दोलनको आँधी बेहरी आउने सम्भावना प्रवक्त भएको छ । मंसिर १ गते थारू आन्दोलनले काठमाडौंमा व्यापक समर्थन पाउने सम्भावनालाई नकार्न सकिँदैन ।

मधेश थारू आन्दोलनलाई हेरिरहेको छ । जसरी गुठी विधेयकमा नेतृत्वविहीन जनताहरू स्वतः सडकमा आएर आन्दोलनको जन्म दियो, रवि लामिछाने प्रकरणमा जसरी बिना नेतृत्वका जनताहरू आन्दोलनलाई संगठित पारे, त्यस्तै थारू आन्दोलनलाई साथ दिन बिना नेतृत्वका मधेशी, जनजाति, दलित, मुस्लिम लगायतका जनताहरू सडकमा आउने कुरामा कुनै शंका देखिँदैन । मधेशका दलहरूमा सैद्धान्तिक विचलन बढी देखिएकोले यसले मधेशको कुरा गरे पनि आन्दोलनलाई अगाडि बढाउने क्षमता राख्दैन । राजपा, सामाजवादीभन्दा मधेशको मुद्दालाई बढी उठाउने गरे पनि आन्दोलन उठाएर अगाडि बढ्ने चरित्र भने छैन । समाजवादी सोझै आन्दोलनमा जाने हिम्मत जुटाइरहेको छैन । सत्तालिप्साले

> राजपाका अधिकांश अध्यक्षहरूमा यथास्थितिवादी सोच छ । यथास्थितिवादी सोच छ । महन्थ ठाकुरले "मधेशमा पृथकतावादी आन्दोलनको विकास हुन्छ भन्ने अभिव्यक्ति पराजित मानसिकको आक्रोश मात्र हो । क्रान्तिकारी र शेर कहिल्यै पनि जमात खोज्दैन भन्ने कुराको ज्ञान नभएकोले नै प्राप्त गरिएको सुख सुविधालाई त्याग्न कोही तयार छैन तर भुक्न पनि छोडेको छैन । के गर्ने भन्ने द्विविधाबाट राजपा मुक्त हुने कुनै सम्भावना देखिँदैन ।

शासक वर्गसँग गहिरो सम्बन्ध विकास गरि दिएकोले आन्दोलनमा जाँदा सरकारको कोपको भाजन हुनुपर्ने डर छ ।

राजपा, समाजवादीले मधेश आन्दोलनको विश्वास गुमाइसकेकोले प्रष्फुटित हुने आन्दोलनमा मधेशी जनता स्वतः सडकमा आउने स्पष्ट छ । सकडबाटै सबै समुदायले आफ्ना लागि नेतृत्व चयन गर्नेछ । राजपा एक्लै संघर्ष गर्न तयार भयो भने सरकारको दमन थेग्न नसक्ने राजपाका यथास्थितिवादी सोचले उसलाई समाजवादीसँग मिल्न बाध्य पारेको छ ।

राजपाका अधिकांश अध्यक्षहरूमा यथास्थितिवादी सोच छ । यथास्थितिवादी सोच छ । महन्थ ठाकुरले "मधेशमा पृथकतावादी आन्दोलनको विकास हुन्छ' भन्ने अभिव्यक्ति पराजित मानसिकको आक्रोश मात्र हो । क्रान्तिकारी र शेर कहिल्यै पनि जमात खोज्दैन भन्ने कुराको ज्ञान नभएकोले नै प्राप्त गरिएको सुख सुविधालाई त्याग्न कोही तयार छैन तर भुक्न पनि छोडेको छैन । के गर्ने भन्ने द्विविधाबाट राजपा मुक्त हुने कुनै सम्भावना देखिँदैन ।

राजपका अध्यक्षमण्डलका सदस्य राजकिशोर यादव र अनिल झाले समाजवादीसँगको मिलन अप्राकृतिक रहेको भन्ने तर्कमा धेरै हदसम्म यथार्थ झल्केको छ । मधेशको पहिचान लिएर जन्मेका उपेन्द्र यादव आफ्नो हैसियत बिर्सेर राष्ट्रिय नेताको रूपमा आफ्नो छवि बनाउने उद्देश्य लिएर राजनीति गर्दैछन् । मधेशको मुद्दा त उसको बार्गेनिङ्ग प्वाइन्ट मात्र हो । तर मधेशको पहिचान बनेकाले उपेन्द्र यादवको दिवास्वप्न कहिल्यै पूरा नहुने यथार्थलाई स्वीकार गर्न चाहँदैन ।

पहाड र मधेश भनुँ अथवा शासक र शासितवर्ग भनुँ यी दुवैबीच रहेको अन्तर्विरोध ०६३ सालदेखि चर्किँदै दुवै समुदायलाई राजनीतिको दुई किनारामा उभ्याई दिएको छ । यसलाई सहजै न्यूनीकरण गर्ने सम्भावना धेरै कम छ । यसलाई सहजै न्यूनीकरण गर्ने सम्भावना धेरै कम छ । यो यथार्थले उपेन्द्र यादवलाई कहिल्यै पनि राष्ट्रिय नेताको रूपमा विकास हुन दिँदैन ।

उपेन्द्र मधेशकै भरमा राजनीति गर्न चाहँदैन । त्यसकारण पनि उसले अशोक राई र बाबुराम भट्टराईको पार्टीसँग एकीकरण गरी शक्ति बढाउने प्रयासमा लाग्यो । यथास्थितिको घोर दलदलमा फँसेको समाजवादी पार्टी मधेशको अधिकार प्राप्त गर्ने संघर्षभन्दा यथास्थितिको राजनीतिमा आफ्नो वर्चस्व कायम राखी सत्तासँग बार्गेनिङ्ग गर्दै सुख सुविधा हासिल गर्न तत्पर रहेको कुरा सबैले बुझिसकेका छन् ।

मधेश यथास्थितिमा रहन चाहँदैन । आन्दोलनको विकास भएको अवस्थामा विशुद्ध मधेशी आन्दोलनलाई नेतृत्व गर्ने कोही नभएको अवस्थालाई परिपूर्ति गर्न राजकिशोर यादव र अनिल झाको तर्क यथासम्भव उचित लागेको बुझ्न सकिन्छ । क्रान्तिकारी र यथास्थितिवादीको समिश्रणमा आन्दोलन गन्तव्यमा पुग्न नसकिने यथार्थलाई प्रष्टसँग बुझ्न जरूरी छ ।

वैकल्पिक शक्ति बनाएर यो सरकारलाई चुनौती दिने समाजवादी पार्टीको उद्देश्य रहेकोले यसले वर्तमान सरकारलाई अपदस्थ गरी अर्को सरकार बनाउन सक्षम होला तर यसले अधिकारवादी आन्दोलनलाई गन्तव्यमा पुग्न दिँदैन र प्राप्त उपलब्धिलाई पनि बचाउन सक्दैन । तसर्थ समाजवादी पार्टीको वैकल्पिक शक्ति चाहना पार्टीलाई यथास्थितिमा नै राख्नेछ र यसबाट मधेश केही नपाउने पक्क छ ।

मधेश आन्दोलन गर्ने उर्वरक भूमि हो । यसै यथार्थलाई स्वीकार गरी यहाँ अस्तित्व खोज्न अन्य पार्टीहरू विलय हुन पुगे । ठूलो पार्टीको जन्म भए पनि मधेशको पहिचान भने हराएको छ । राजपा पनि सामेल भए मधेशको कुरा गर्नबाट तथा मधेशीको पहिचान दिलाउनबाट वञ्चित हुने कुरा पक्का छ । (मधेश दर्पण

चौदण्डीगढीमा भ्यूटावर निर्माण

फत्तेपुर / चौदण्डी नगरपालिकाको पहाडी क्षेत्रमास्थित ऐतिहासिक चौदण्डीगढीमा भ्यूटावर निर्माण भएपछि दैनिक पर्यटकको वृद्धि भएको छ ।अहिले दैनिक भ्यूटावर चढ्न र मनोरम दृश्यवलोकनका लागि दैनिक दुईसयभन्दा बढी पर्यटक आउने गरेको चौदण्डी पर्यटन विकास समितिका संयोजक रोहित तामाङ बताएले जानकारी दिए ।

उनकानुसार उदयपुर जिल्ला बाहेक सुनसरी, झापा, मोरङ, सिरहा, सप्तरी, धनुषा, काठमाडौं चितवन तथा भारतको विहार र सिलीगुढी पश्चिम बङ्गालबाटसमेत पर्यटक आउने गरेका छन् । पर्यटकको सङ्ख्या वृद्धि हुन थालेपछि त्यहाँको आन्तरिक पर्यटनको विकासमा निकै महत पुगेको नगरप्रमुख खगेन्द्र राई बताए ।

उन कानुसार पूर्वकै ऐतिहासिक र महत्वपूर्ण पर्यटनस्थलको रुपमा रहेको चौदण्डीगढीको पर्यटन विकास गर्न नेपाल सरकार शहरी विकास मन्त्रालय, पर्यटन विभागसहित स्थानीय नगरपालिका र सबैको सहयोगले अहिले सडक तथा भ्यूटावर निर्माण भएकाले पर्यटकको वृद्धि भएको हो । विसं २०७२ मा नेपाल सरकार शहरी विकास मन्त्रालयसहित पर्यटन बोर्ड र स्थानीय सरकारसहितबाट सहयोगस्वरूप प्राप्त रू ५५ लाख ८८ हजार र १३ लाख १७ हजार बराबरको स्थानीय जनश्रमदान गरेर कूल रु ६९ लाख ८५ हजारको लागतमा समुद्री सतहबाट एक हजार ८५० मिटरको उचाईको उक्त डाँडामा ४४ फिट उचाई र अठार मिटर गोलाइको भ्यूटावर निर्माण भएको नगरप्रमुख राईको भनाइ छ ।

उक्त भ्यूटावरबाट अहिले उत्तरी क्षेत्रको सातवटा हिमशृङ्खला सगरमाथा, आमादोल्मा, लोत्से, कोयु, मकालु, कञ्चनजङ्घा र अरुणवरुण क्षेत्रका हिमशृङ्खला प्रत्यक्ष अवलोकन गर्न सकिने संयोजक तामाङले बताए । यस्तै उत्तरी पहाडी जिल्लाहरु खोटाङ, भोजपुर, धनकुटा, सुङ्खवासभा, र तराईका जिल्ला सिरहा, सप्तरी, सुनसरी, मोरङ, झापासहित भारतको विहार, पश्चिम बङ्गालको सिलीगुडीसम्म बाइनाकुलरबाट अवलोकन गर्न सकिने उनको भनाइ छ । पर्यटकको वृद्धि भएका कारण आफूहरुको व्यापार व्यवसाय पनि निकै फष्टाउन थालेको स्थानीय होटल व्यवसायी कला राईल बताइन । चौदण्डीगढीले पर्यटन विकासमा



उल्लेखनीय भूमिका निर्वाह गरेपनि अझै पनि खानेपानीको उचित व्यवस्थापन गर्न बाँकी रहेकाले सुनकोशी नदीबाट उक्त डाँडामा पानी लिफ्टिङ गरेर लाने तयारी भइरहेको र विद्युत्को विस्तार गर्ने कार्य शुरु भइरहेकामा दुई वर्षसम्ममा सबै पूर्वाधार तयार पारिने नगरप्रमुख राईले बताए । सेन राजाहरुको दरबारको भग्नावशेष तथा बिसासय कूल देवीको मन्दिरको जीणोद्धार गरेर सुरक्षित घेरबार गरी पुरातात्विक महत्वका वस्तुको संरक्षणको काम तीव्र रुपमा भइरहेको छ । चौदण्डीमा चौदण्डीगढी नगरपालिकाको बेल्टार बजारदेखि सिधै चौदण्डीगढीसम्म केवलकार जोडेर सुनकोशीको रानीटारसम्म भार्ने लक्ष्य गरी अहिले निजी कम्पनीसँग सहकार्यको प्रयास भइरहेको नगर प्रमुख राईले बताए ।

यस्तै सुनकोशीको रानीटारमा जलयात्राका लागि पूर्वाधार पूर्णरुपमा तयार भइसकेको छ । बेल्टार बजार हुँदै चौदण्डीसम्म घुमेर सुनकोशीको रानीटारसम्म जलयात्रा गर्नका लागि सुनकोशीसम्म नै केवलकारसमेत जोडिन लागेपछि चौदण्डीगढी पर्यटनस्थलका रुपमा विकसित हुन थालेको समाजसेवी विष्णु कोइराला बताउँछन् । चौदण्डी घुम्न आउने पर्यटकका लागि गेष्टहाउस तथा होटल व्यवस्थापनको काम नगरपालिका र चौदण्डी पर्यटन विकास समितिको अगुवाइमा भइरहेको छ । चौदण्डीगढी १८२६ देखि उदयसेन, लोहाङ सेन र हेमदत्त सेनजस्ता सेनवंशी राजाले राज्य गरेको ऐतिहासिक थलोका रुपमा चिनिन्छ ।

धन्वन्तरि जयन्ती के हो ?

वन जङ्गलमा पाइने जडिबुटीमा आधारित प्राचीनतम वैदिक चिकित्सा पद्धति आयुर्वेदका प्रवर्त्तक भगवान् धन्वन्तरिको उत्पत्ति भएको सम्झनामा शुक्रबार देशभर विविध कार्यक्रम गरी धन्वन्तरि जयन्ती मनाइँदैछ ।

देव र असुर मिली नागको नेती र मन्दराचल पर्वतको मदानी बनाइ समुद्र मन्थन गर्दा रोगग्रस्त व्यक्तिको रोग निवारणका लागि कार्तिक कृष्ण त्रयोदशीका दिन अमृत कलश लिएर भगवान् धन्वन्तरिको उत्पत्ति भएको चर्चा वैदिक सनातन हिन्दू ग्रन्थमा गरिएको छ ।

आजको दिनलाई आयुर्वेदका चिकित्सकहरुले सत्सङ्कल्प गरी शुभकार्य प्रारम्भ गर्ने अवसरका रुपमा लिने गर्छन् । काठमाडौंको नरदेवीमा आयुर्वेद क्याम्पसको स्थापना भएपछि नेपालमा विधिवत धन्वन्तरि जयन्ती मनाउन थालिएको थियो । त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पसका रुपमा सञ्चालित आयुर्वेद क्याम्पस हाल कीर्तिपुरमा सरेको छ । आयुर्वेद क्षेत्रका व्यक्तिहरुको पहलमा विसं २०५६ देखि धन्वन्तरि जयन्तीको दिनलाई आरोग्य दिवसका रुपमा पनि मनाउन थालिएको छ ।

हातमा वैदिक हिन्दू दर्शनका चार उपवेदमध्येको आयुर्वेदको पुस्तक र प्रकृतिले दिएको औषधिको प्रतीकका रुपमा जडिबुटी लिएका धन्वन्तरिलाई आयुर्वेद चिकित्सा क्षेत्रका संस्थापक मानिन्छ । धन्वन्तरि जयन्तीका अवसरमा आज सिंहदरबार वैद्यखाना, आयुर्वेद अस्पताल नरदेवी, आयुर्वेद क्याम्पस कीर्तिपुर, नेपाल संस्कृत विश्वविद्यालयको आयुर्वेद क्याम्पस दाडा, जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड कोटेश्वर र निजी क्षेत्रबाट खुलेका आयुर्वेद अस्पतालमा समेत विविध कार्यक्रम गरी मनाउने गरिन्छ ।



तपाईंको यो साता

मेष (चु,चे,चो,ला,लि,लि,ले,लो,अ): आम्दानी बढ्ने छ । विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला । काम गर्ने जांगर र आत्मबल बढ्ला ।

वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): मनमा उत्साह र हिम्मत बढ्नेछ । भेटघाटमा मन रमाउनेछ । खर्च बढ्नेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन् ।

मिथुन (का,कि,कु,घ,ङ,छ,के,को,ह): आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन् । शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला ।

कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ । यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ । तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन् ।

सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): मन प्रफुल्ल रहला । आफन्तजनबाट सहयोग मिल्न कठिन होला । एकाग्र भएर काम गर्न मुस्किल पर्ला ।

कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): मनमा चंचलता बढ्नेछ । समय राम्रो छैन । साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला ।

तुला (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला । समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला ।

वृश्चिक (तो,ना,नि,नु,ने,नो,या,यि,यू): स्वास्थ्य सम्बन्धि समस्या आउने छ । मन दोधार होला ।आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला ।

धनु (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): शैक्षिक क्रेत्रभने मध्यम रहला । सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला ।समय मध्यम खालको छ ।

मकर (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): समय उत्तम खालको छैन । आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति नहोला ।

कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द): नयाँ र रमाइलो ठाउँको भ्रमण होला । सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला ।

मीन (दी,दू,थ,झ,ञ,दे,दो,च,ची):पुराना साथीभाईहरुसित भेटघाट होला । व्यापार व्यवसायमा प्रगति होला ।तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला । माया प्रेमको क्रेत्रमा पूर्ण सफलता मिल्नेछ ।

त्यो बेलाको रेल कुद्ने धरान

देवेन्द्र कार्की

कुनै समय धरानमा रेल कुदथ्यो । कुरा अहिलेको पुस्तालाई सुनायो भने खिसि गर्छन् । ६०/६५ वर्ष अघि यहाँ ढुङ्गे रेल चल्थ्यो । धरानको इतिहास खोज्दै जाँदा रेल पनि जोडिने गर्दछ । भारतसँग विस २०११ सालमा कोशी सम्झौता भए पछि भीमनगरमा कोशी व्यारेज र बाँध निर्माण गर्नका लागि धरानस्थित फुस्रेको ढुङ्गा ओसार्ने प्रयोजनका लागि धरानको फुस्रेदेखि हालको महेन्द्रनगर चक्रट्टी हुँदै भीमनगर कोशी व्यारेज र विहारको वीरपुरसम्म आकाशमा धुवाँ फाल्दै कोइलाले चल्ने रेल दैनिक तीनपटक चल्ने गरेको धरान(१४ का प्राडा टंक न्यौपाने बताउछन् ।

पुरानो पुस्ताका न्यौपानेले भने('धरानेहरुले रेल देख्न पाएका छन् । तर त्यो रेलले धरानलाई केही दिएन । उल्टै यहाँको सम्पति(ढुङ्गा) भारत लग्यो । धरानमा रेल कुदथ्यो भन्ने इतिहास चाही छाडेर गएको छ ।'

सप्तकोशीको जलप्रवाहलाई नियत्रण गर्न कोशी व्यारेज निर्माणका लागि ढुङ्गा र काठ ओसार्ने ढुङ्गे रेल नै भए पनि करिब ०१३ सालदेखि पञ्चायत कालको मध्यसम्म रेल चलेको थियो ।

अहिले रेलको कथा धरानको लागि इतिहास बनेको छ । करिब डेढ दशक अघिसम्म फुस्रेदेखि चतरा(चक्रघट्टी(प्रकाशपुरमा रेलका फलामे लिक, डब्बाहरू देखिन्थे । पछिल्लो समयमा रेलका फलामका लिक, डब्बा, इञ्जिन सबै सामान हराएका छन् । अवसेस मात्र राखिएको भए अहिलेको पुस्ताले पत्याउने थिए । अवसेस राख्न कसैले चासो नदिए पछि इतिहास भेटिएको छ । त्यसबेला रेलको चक्रघट्टीमा स्टेसन थियो । त्यसो त रेलसँगै धरानको फुस्रेदेखि ब्रिटिस घोपाक्याम्प (हालको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान) मा रहेको रेल्वे स्टेसनसम्म ढुङ्गा बोक्ने रोपवे (घिर्लिङ) निर्माण भएको थियो । कोशी परियोजना सम्झौताको धारा तीनको उपधारा चारमा लेखिएबमोजिम आयोजनालाई चाहिने ढुङ्गा, गिटीको लागि धरानको फुस्रेडाँडासम्म रेल ल्याउने सम्झौता भयो ।

धरानको फुस्रेदेखि महेन्द्रनगर चक्रघट्टी हुँदै भीमनगरसम्म रेल चढ्ने मध्यका न्यौपाने पनि हुन । २०१९ साल तिर होला यहाँबाट ढुङ्गा गिटी लगेर भीमनगरमा बनाएको व्यारेज उदघाटनको रमिता हेर्न म पनि रेल चढेर भीमनगर गएको थिए । धरानस्थित महेन्द्र बहुमुखी क्याम्पसका सहप्रध्यापक डा. राजेन्द्र शर्मा पनि रेल चढेर भीम नगर रमिता हेर्न पुगेको सुनाउछन् । धरानसम्म रेल ल्याउन सम्झौता गर्ने सरकारले नियमित रेल संचालन गर्न सम्झौता गरेको भए नेपालीले उहिल्यै रेल चढ्न पाउथ्ये । त्यस बेलाका शासकको दुगामी सोच नहुदा हामीले धरान र चतरामा 'रेल वे' बस्ती र 'रेल वे' चोक मात्र उपहार पायौं ।

राणाहरु जोडिएको धरानको शहरिकरण

धरानको इतिहास खोज्दै जाँदा रेल संचालन भन्दा पहिलेदेखिको रहेको प्राडा न्यौपाने बताउछन् । धरानको एतिहासिक विजयपुरको इतिहास २ सय वर्ष पहिलेको रहेको उनको भनाई छ । पहिलेअहिले व्यस्त भानुचोक परिसरमा घण्टाघर उभिएको आधुनिक धरानको पुरानो अवस्था अर्कै थियो । ११८ वर्ष पछिले हालको धरान पुरै जङ्गल नै रहेको थियो । इतिहासअनुसार तत्कालीन श्री ३ प्रधानमन्त्री देव शमसेर राणालाई विस १९५८ सालमा अर्का श्री ३ चन्द्र शमसेर राणाले धनकुटातिर धपाए । देव शमसेरलाई धनकुटा गौंडामा धपाइएपछि राणा परिवारका सदस्यहरू, अन्य आसेपासेहरू पदाधिकारीहरू नेपाल खाल्डो काठमाडौं र धनकुटाका बीचमा स्थायीरूपमा आवत जावत जारी भयो । त्यसबेला औलो खूब लाग्ने गरेकाले भरसक तराईबाट एकै दिनमा साँगुरीगढीको उकालो छिचोल्न चाहन्थे पैदल बटुवाहरू । तर, सम्भव नभएपछि विस १९६० सालमा चन्द्र शमसेरले विजयपुर मुनिका घनाजङ्गल फँडानी गरेको इतिहास पाइन्छ । त्यति बेला चन्द्र शम्सेरले चन्द्रनगर बस्ती बसाले । जुन हालको पुरानो बजार हो । पछि जुद्ध शम्सेरले जुद्ध नगर बस्ती बसाले जुन हालको नयाँ बजार हो ।यहीबाट कोशी राजमार्ग बनेको छ ।

यतिन्जेलसम्म धरान भन्ने नामको शब्द उत्पन्न भइसकेको थिएन । बन फँडानीपछि काठ जति राणाहरूले तत्कालीन ब्रिटिसको इस्ट इण्डिया कम्पनीलाई बेचे । उनीहरूले धरानक्षेत्रको काठ रेलको लिग बनाए । यता रुखविहीन बनेको क्षेत्रमा बिस्तारै बस्ती बस्यो । त्यस पछि आधुनिक धरानको विकास हुदैं गएको पाइन्छ । यहाँ रुख काट्न आरावालहरु वियपुरबाट तल झर्दा धरान झर्ने भन्न थाले । पछि काठ चिर्न बनाइएको धरान नै कालन्तरमा शहरको नाम 'धरान' बनेको प्राडा न्यौपाने बताउछन् । फडानी गरे पछि धनकुटाबाट रत्न प्रसाद श्रेष्ठ व्यापार गर्न धरान झरेका थिए । उनकै नाममा धरानमा रत्न रोड नामकरण भएको छ । उनका नाती कृष्णप्रसाद श्रेष्ठ धरानमा अझै व्यापारमा जमेका छन् । जग्गा पनि प्रसस्त छ ।



पहाड र मधेसको सङ्गमस्थल भएर होला क्रमशः बस्ती विस्तार हुँदै जाँदा आधुनिक धरानको प्रारम्भिक रूपरेखा तयार हुँदै गएको पाइन्छ । ०२२ सालमा जोगबनी(विराटनगरदेखि पहाड जोड्ने धरान हुँदै उत्तर दक्षिणको सडक विस्तार भए पछि धरानले शहरीकरणको रूप लिएको थियो । २०२८ सालअघि भानुचोकको नामै थिएन । बजार अडा नजिकै भानुभक्त आचार्यको प्रतिमा राखेपछि हालको भानुचोक कहलियो र पछि उनको सालिक राखिएको थियो । भानुचोक छाताचौक, लक्ष्मी चोकहरुमा चौताराहरु थिए । पछि कोशी राजमार्ग बनाउनदा ती चौतारा विस्तापित भए ।

ब्रिटिस गोर्खा भर्ती केन्द्र(धरान

हालको लाहुरेको शहर धरानको इतिहास २०१० पछि मात्र शुरु हुन्छ । विस २०१० मा बेलायत सरकारले पूर्वका लिम्बु र राई समुदायका युवालाई ब्रिटिस गोर्खा भर्तीका लागि छनौट गर्ने मुख्य स्थलको रुपमा धरानलाई मुकाम बनाइएको थियो । गोरखा भर्ती केन्द्र (ब्रिटिस क्याम्प) स्थापना भएपछि आधुनिक धरानको स्थापना भएको हो । भर्ती केन्द्र स्थापना भएपछि धरानमा बेलायती उच्च अधिकारी र गोरखा सैनिकहरूको जमघट भयो । बेलायतीहरुले धरानबाटै नेपालमा वास्केटबल खेल भित्राएका थिए । २०१७ सालमा नगर पञ्चायत र ०१८ मा कोशी अञ्चलको सदरमुकाम नै धरान तोकिएको थियो ।

मन्दिरहरुको शहर

धरानको ऐतिहासिकतामा दन्तकाली मन्दिर र पिण्डेश्वर मन्दिरको बारे उल्लेख हुनु जरुरी छ । पिण्डेश्वर मन्दिर र दन्तकाली मन्दिर कहिले र कसले निर्माण गरेका हुन भन्ने हालसम्म कतै खुलेको छैन । प्राध्यापक डा॥ टङ्क न्यौपानेका अनुसार हिलेको धरान शहर भने पनि बजार भने पनि विजयपुर हो । त्यो आफैमा ऐतिहासिक स्थल हो । विजयपुर परिसरमा रहेको पिण्डेश्वर र दन्तकाली मन्दिर करिब दुई हजार वर्ष पुरानो मानिन्छ । बुढासुब्बा मन्दिर हजार वर्ष पुरानो मानिन्छ । राजा रणबहादुर शाह र मुख्तियार भीमसेन थापाले पिण्डेश्वर मन्दिरमा चढाएको घण्टले पनि उक्त मन्दिरले पुरातात्विक महत्व राख्ने उनको भनाई छ । त्यसैगरी शक्तिपीठ मानिएको दन्तकाली मन्दिरमा सेन राजाहरूले गोर्खाबाट पुजारी ल्याएको इतिहास रहेको छ ।

आधुनिक धरान बन्ने रेल, विजयपुरका मन्दिर, काठ काट्न आउने आरावालसँगै ब्रिटिस सेनामा नेपालीलाई भर्ति गराउन आउने ब्रिटिसको समेत भूमिका देखिएको छ । आजको स्मार्ट सिटीको परिकल्पना गरिएको धरानलाई मदन भण्डारी राजमार्ग, जोगमनी(किमाथाङ्का राजमार्गको जंक्सन बनिदा थप सम्वृद्ध बनाउने भएको छ । विजयपुर(विष्णुपादुका(भेडेटार केवलकार, सर्दुकरिडर जस्ता योजनाले धरानलाई थप आधुनितातिर लादैं गरेको छ । प्राडा न्यौपानेको विचारमा धरानलाई सांस्कृतिक र पर्यटकीय शहरको रुपमा विकास गर्न सकिने बताउछन् । यहाँ पर्यटनको पूर्वाधार विकास तथा विजयपुर आध्यात्मिक क्षेत्रको विकास गर्नु पर्ने बताउछन् ।

सडक विस्तारले धरान ओझेलमा

प्राडा न्यौपानेको अनुसार शहरीकरणसँगै सबैतिर सडक बने पछि त्यो बेलाको पहाडी क्षेत्रको जंक्सन धरानको व्यापार क्रमशः घट्दै गएको छ । यहाँ व्यापारीहरुको व्यावसायी गर्ने वातवरण हराउदै गएका कारण भरखर बनेका शहर इटहरीले धरानलाई उछिनेको उनको भनाई छ । 'धरान आधुनिक शहर त भयो तर बस पार्क छैन् । पर्यटकहरुलाई बस्ने स्तरिय होटलहरु छैनन् । पानीको अभाव छ । पर्यटकहरु सिधै रधान ल्याउन एउटा एयरपोट छैन् ।'(प्राडा न्यौपाने भन्छन्('धरानको व्यापारिक इतिहास जागाइ राख्न स्थानीय सरकारले कर मात्र बढाएर हुदैन पूर्वाधार तयार गर्नु पर्छ । सुविधा दिनु पर्छ ।' (*धरान-१४ विजयपुरका पुराना स्थानीयवासी प्राडा टंक प्रसाद न्यौपानेसँगको कुराकानीमा आधारित)*



बेल्हीबाट पटका बरामद

फत्तेपुर / दशैं सकिएर तिहार र छठ पर्व नजिकिँदै गर्दा सप्तरी प्रहरीले तिलाठी कोइलाडी गाउँपालिका-१ बेल्हीबाट विहीबार पटका बरामद गरेको छ ।

भारतबाट नेपालतर्फ अवैधरुपमा ल्याउँदै गरेको पटका बरामद गरिएको प्रहरी नायब उपरीक्षक तिलक भारतीले बताउनुभयो । सो पटका राजविराज भन्सार कार्यालयलाई बुझाइएको छ ।



पोखरीमा गोही फेला

सप्तरी / सार्वजनिक पोखरीमा माछा मानेक्रममा विहीबार सप्तरीको पूर्वी भेगको एउटा गाउँमा गोही फेला परेको छ । हनुमाननगर कंकालिनी नगरपालिका-८ स्थित जोगीनियाँमा सार्वजनिक पोखरीमा माझीले माछा मार्ने क्रममा अन्दाजी छ/सात किलोको गोही भट्टाएका हुन् ।

गोही जालमा परेपछि उनीहरुले प्रहरीलाई खबर गरेका थिए । इलाका प्रहरी कार्यालय हनुमाननगरबाट गएको प्रहरी टोलीले गोही समातेर जिल्ला वन डिभिजन कार्यालयलाई बुझाएको छ ।

तपाईहरुको सेवामा फत्तेपुर पोलिक्लिनिक

हाम्रा उपलब्ध सेवाहरु

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा



फत्तेपुर पोलिक्लिनिक(प्रालि)

सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय गाति

अगाडी फोन नं.: ०३१-५५०१८७

चौदण्डी नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुघर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔं , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔं साथै वोट विरुवा रोपौं ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुर्‍याऔं ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौं ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौं साथै विक्री वितरण समेत नगरौं ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौं, रोगवाट वचौं ।
– सभ्य नागरिक वनौं , वन्न सिकाऔं र सभ्य नगरपालिका वनाऔं ।


चौदण्डी नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर

अव धरान विराटनगर धाउनु पर्दैन

यदि तपाईलाई दातको कुनै पनि समस्या भएमा सदैव हामीलाई सम्झनुहोस । हामी तपाईको सेवामा तत्पर छौं ।

हाम्रा सेवाहरु

दात सफा गर्ने, दातमा सिमेन्ट भर्ने, दातमा आर.सि.टि.गर्ने, नयाँ दात लगाउने, नमिलेको दात मिलाउने, दात फुकाल्ने, गिजा सुनिने, दातबाट रगत आउने, मुख गनाउने मुख भित्रका घाउ खटिराहरुजस्ता सम्पुर्ण समस्याको उपचार घोपा क्याम्प धरानका डाक्टरहरुद्वारा गरिनुका साथै दातको एक्स-रे साथै सल्यक्रियासमेत गरिन्छ।



प्रो.पपुलर चौधरी

सप्तकोसी डेन्टल क्लिनिक

सप्तकोसी नगरपालिका १ फत्तेपुर बजार लाइन

सम्पर्क: ९८४९५१५८३ र ९८१७३०९४४७

कञ्चनरुप नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔं , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔं साथै वोट विरुवा रोपौं ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं ।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुर्‍याऔं ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौं ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौं साथै विक्री वितरण समेत नगरौं ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौं, रोगबाट बचौं ।
– सभ्य नागरिक वनौं , वन्न सिकाऔं र सभ्य नगरपालिका वनाऔं ।

कञ्चनरुप नगरपालिकाको कार्यालय,
२ नं. प्रदेश, सप्तरी



Complete Mobile & Computer Concern



extra easy zone for excellent service in electrics, education & entertainment

Saptakoshi Nagarpalika 1, Fattepur, Saptari

031-550014, 3dezone@gmail.com

